- मौरीको घार निरीक्षण गर्ने व्यक्तिको शरीर, उसले लगाएको कपडा र घार निरीक्षणमा प्रयोग गरिने उपकरणहरू सधैं सफा हुनुपर्छ ।



- मौरीको घार र घार वरपर सधैं सफा राख्नुपर्छ ।
- प्रवेशद्वारबाट मौरी आवतजावत गर्दा अल्झाउने गरी घारको अगाडि केही वस्तु राख्ने, परेवा-कुखुरा उड्ने, पशु-वस्तु वा मानिस हिड्ने गर्नुहुँदैन ।
- मौरी गोला निरीक्षण गर्न मौरी घार खोल्नु पर्दा जहिले पनि न्यानो (न जाडो न गर्मी) र पानी नपरेको समयमा खोल्नुपर्छ ।
- मौरी निरीक्षण गर्ने व्यक्तिले शरीरमा गन्ध आउने तेल वा अत्तर प्रयोग गर्नुहुँदैन ।
- मौरीको घार खोल्दा धेरै हल्लाउन वा झड्कार्न हुँदैन ।
- मौरीको गोला निरीक्षण गर्दा फटाफट (छिटो) गर्नुपर्छ ।
- मौरीको घारको ढक्कन खोलेपछि घार बन्द गर्न धेरै समय लाग्ने भएमा घारका मौरी र चौकोसलाई सफा कपडा वा फराकिलो कागजले ढाक्नुपर्छ ।
- मौरी गोला निरीक्षण गर्दा मौरी धेरै रिसाएमा घार वरपर उडेका मौरीमा पर्ने गरी सफा पानी छर्कनुपर्छ ।
- मौरी गोलामा काम गर्दा झम्टिन आउने मौरीलाई हात हल्लाएर धपाउनु हुँदैन बरू आफू नडराईकन उभिइरहने वा बिस्तारै अलि पर जानुपर्छ ।
- मौरीले चिलिसकेको भए लामो नङ वा कुनै धारिलो औजार (चक्कु वा पत्ती) ले छालाको सतहबाट खील उप्कने गरी झिक्नुपर्छ ।
- रोग लागेका कुनै गोला भएमा तिनलाई अन्तिममा निरीक्षण गर्नुपर्छ ।
- निरीक्षण गरिसकेपछि बदल्नै पर्ने चौकोस बाहेक अरू जहाँको तहीँ राख्नुपर्छ ।
- कुनै गोलामा रानू छैन र अर्को रानू, रानूकोष पनि छैन भने कलिला छाउरा वा फुल भएको अर्को मौरीको घारको चाका दिएर मौरीलाई रानू उत्पादन गर्न लगाएर पनि गोला बचाउन सकिन्छ ।

## उपसंहार

यसरी मौरी गोला निरीक्षण कार्यलाई मौरी गोलाको जाँच पडताल वा घार गोलाको अवस्थाको पहिचान कार्य हो भन्न सकिन्छ । मौरी गोलाको अवस्था नै नबुझिकन त्यसको लागि के स्याहार गर्ने, मह झिक्न नै हुने कि नहुने वा कृत्रिम आहारा दिन पो पर्ने हो कि, रोग वा शत्रु हटाउनु पर्ने छ कि, गोला छुट्ट्याउनु पर्ने वा मिसाउनु पर्ने हो यस्ता अन्य निकै कुराको जानकारी मौरी गोला निरीक्षणबाट नै पाउन सकिन्छ ।

प्रकाशन क्रमः ६-२०६८/२०६९
फोल्डर क्रमः ४
प्रकाशन प्रतिः ६०००

**प्रकाशक तथा मुद्रण**
कृषि सूचना तथा संचार केन्द्र
हरिहरभवन, ललितपुर, फोनः ०१-५५२५६१७, ५५२२२४८
इमेलः agroinfo@wlink.com.np
वेबः www.aicc.gov.np



# मौरी गोलाको निरीक्षण

कृषि सूचना तथा संचार केन्द्र

# मौरी गोलाको निरीक्षण

*शंकर प्रसाद न्यौपाने, मौरी विज्ञ*
*मौरीपालन विकास शाखा, गोदावरी*

## १. परिचय

मौरी घार भित्रका विविध अवस्थाबारे जानकारी पाउनका लागि समय-समयमा घार निरीक्षण गर्नुपर्दछ । आधुनिक घारमा मात्र घार निरीक्षण गर्न सकिन्छ । मौरीको घारमा सधैं मौरीका छाउरा हुर्काइरहनु पर्छ । त्यसका लागि घारभित्र अटुट रूपले मौरीका लागि आवश्यक आहार भइरहनु पर्दछ । यदि मौरीले बटुलेको आहारा कम भएमा ती मौरी कि त भागेर अन्तै बस्न जान्छन् कि त मरेर सकिन्छन् वा मौरीको संख्या घटेर ज्यादै कमजोर भएर काम गर्न असमर्थ हुन्छ । त्यसैले मौरी पालनबाट अपेक्षित फाईदा लिन आधुनिक घारमा नै मौरी पाल्नु अनिवार्य हुन्छ ।

## २. घार निरीक्षण

मौरीले घारभित्र धेरै कामहरू गर्दछन् । मौरीले के काम कसरी गरिरहेका छन् र तिनले गरेका कामहरूमा मानिसले के सहयोग गर्नुपर्ने अवस्था छ आदि कुराको जानकारी लिन कहिले २–४ दिनको फरकमा र कहिले १५–२० दिनको फरकमा मौरीका घार खोलेर सबै चौकोशमा भएका अवस्थाहरू बुझ्ने कार्यलाई नै मौरी गोला निरीक्षण भनिन्छ । मौरीका धेरै कामहरू घार भित्र हुने हुँदा ती कामको र त्यहाँ भित्रका विविध अवस्थाका बारेमा जानकारी पाउनका लागि समय-समयमा घार निरीक्षण गर्नुपर्छ । घार निरीक्षण गर्ने दुईवटा तरिका छन्ः

### २.१ घार बाहिरबाट गरिने निरीक्षण


घार भित्रका मौरीको अवस्थाको मोटामोटी अध्ययन घारको छेउमा उभिएर चरनबाट फर्केका र प्रवेशद्वारमा बसेका मौरीको क्रियाकलापलाई हेरेर घार बाहिरबाटै पनि निरीक्षण गर्न सकिन्छ, जस्तैः प्रवेशद्वारमा बसेका सुरक्षाकर्मीको स्वभाव बढी आक्रामक नभई शान्त हुनु, चरनबाट फर्केका मौरीमध्येका केहीले खुट्टामा पराग बोकेर आउनु, अरू मौरी सरासर आउने जाने गर्नु मौरीघारमा सामान्य अवस्था रहेको जानकारी दिने लक्षणहरू हुन् ।



मौरी बढी रिसाउनु, मौरी काममा आए गएको नदेखिनु, मौरीको गतिविधि कम हुनु असाधारण अवस्थाका लक्षण हुन् । घारलाई हलुकासँग उचाल्दा त्यसको तौल धेरै भए मह काढ्ने बेला भएको बुझ्नुपर्दछ । यो निरीक्षण फुर्सदको समयमा दैनिक गर्न सकिन्छ ।

### २.२ घार भित्रबाट गरिने निरीक्षण

मौरीको घारलाई क्रमशः माथिबाट खोलेर मौरीको घारभित्रका सम्पूर्ण अवस्थाहरूको निरीक्षण गर्नुपर्छ । यसरी घारगोलाको अवस्था निरीक्षण गर्दा सुरूमा बाहिरी छाना झिकेर भित्री ढकनीको प्वालबाट धुँवादानीले २-४ पटक धुँवा दिनुपर्छ र क्रमशः बाहिरी छाना, भित्री छाना, मह कक्षका चौकोस, छाउरा कक्षका चौकोस र आसनबोर्ड सहितको घारका सम्पूर्ण भित्ताहरूको अवस्थितिलाई समेत अध्ययन गरिन्छ ।



मौरी घारको निरीक्षण वरिपरिको वातावरण (तापक्रम) को अनुकूलता हेरी हिउँद र वर्षा ऋतुमा १२-१५ दिनको फरकमा र सामान्य अवस्थामा मौरीको हूल छुट्ने वा रोग र शत्रुहरूले सताएको अवस्थामा ५-७ दिनको फरकमा वा अझ छिटो-छिटो पनि गर्न सकिन्छ ।

## ३. मौरीगोला निरीक्षण गर्दा अपनाउनु पर्ने केही सावधानीहरू

- मौरी व्यवसाय गर्न इच्छुक व्यक्तिले २-४ वटा मौरीले चिलेमा फाइदा हुन्छ भन्ने मानसिकता बनाउनुपर्छ ।
- मौरीका घार खोल्नु अगाडि नै आवश्यक सम्पूर्ण सामग्रीहरू निरीक्षण गर्ने घार नजिकै ल्याइसक्नु पर्दछ ।
- गोला निरीक्षण गर्नको लागि पहिले घारको बाहिरी छानो खोलेर भित्री ढकनीको प्वालबाट २-४ पटक धुँवादानीले धुँवा वा घारमा औंलाले ठोकेर हलुका आवाज दिनुपर्छ ।

